विधेयक संख्याः-

# कर्णाली समृद्धि तथा आर्थिक विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक


गैर सरकारी विधेयक पेशकर्ता

मा. राजकुमार शर्मा

प्रदेशसभा सदस्य



कर्णाली प्रदेशसभा

**कर्णाली प्रदेशसभा सचिवालय**

वीरेन्द्रनगर, सुर्खेत

२०८३

# उद्देश्य र कारण

नेपालको संविधानले प्रदेश सरकारलाई कृषि, उद्योग, पर्यटन, वन, सहकारी, लगानी, रोजगार तथा आर्थिक विकाससम्बन्धी विषयमा कानून निर्माण गर्ने अधिकार प्रदान गरेको छ। कर्णाली प्रदेशमा उपलब्ध प्राकृतिक स्रोत, मानव स्रोत, स्थानीय सीप तथा उत्पादनको समुचित उपयोग हुन नसक्दा आर्थिक विकास अपेक्षित रूपमा हुन सकेको छैन। कृषि उत्पादनको व्यवसायीकरण, वनजन्य तथा जडीबुटीजन्य उत्पादनको व्यवस्थापन, पर्यटन क्षेत्रको दिगो विकास, उद्योग तथा उद्यमशीलताको प्रवर्द्धन, स्वदेशी तथा विदेशी लगानी आकर्षण, रोजगारी तथा स्वरोजगारका अवसरको विस्तार, सार्वजनिकनिजी साझेदारीको विकास तथा स्थानीय स्रोत र साधनको अधिकतम उपयोगमार्फत् प्रदेशको आर्थिक रूपान्तरण गरी आवश्यक कानूनी आधार निर्माण गर्न यो विधेयक तर्जुमा गरिएको हो।

यस विधेयकले कर्णाली समृद्धि परियोजनाको स्थापना, सञ्चालन, व्यवस्थापन, लगानी परिचालन, परियोजना कोष, अनुदान, सहुलियत कर्जा, न्यूनतम समर्थन मूल्य, बजार व्यवस्थापनगरी रोजगारी सृजना गर्ने र प्रदेशको समग्र आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य लिएको छ।

संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्र निर्माण, उत्पादन र उत्पादकत्व वृद्धि, गरिबी न्यूनीकरण, रोजगारी सिर्जना तथा दिगो आर्थिक विकासको लक्ष्य प्राप्त गर्न आवश्यक कानूनी व्यवस्था गर्न प्रस्तुत विधेयक प्रदेश सभामा पेश गरिएको हो।

## प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

"कर्णाली समृद्धिका लागि व्यवस्था गर्न बनेको विधेयक" मा "तोकिएबमोजिम", "नियमावली", "निर्देशिका", "कार्यविधि" तथा "मापदण्ड" बनाई कार्यान्वयन गर्ने व्यवस्था गरिएको हुँदा देहायबमोजिम प्रत्यायोजित व्यवस्थापनको आवश्यकता, कानूनको प्रकृति, सीमा तथा त्यसबाट पर्ने प्रभाव उल्लेख गरिएको छ।

| क्र.स. | विधेयकको दफा | प्रत्यायोजित व्यवस्थापनको कारण | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत बनाउने कानूनको प्रकृति र सीमा | विधेयकबाट पर्ने प्रभाव |
|---|---|---|---|---|
| १ | ३, ४ | परियोजना सञ्चालन, सार्वजनिक निजी साझेदारी तथा कार्यान्वयन प्रक्रिया व्यवस्थित गर्न, | नियमावली/कार्यविधि बनाई परियोजना सञ्चालनको प्रक्रिया, मापदण्ड र कार्यविधि निर्धारण गर्ने। | परियोजना प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन हुने। |
| २ | ६, ७, ८ | सञ्चालक परिषद्को बैठक, काम, कर्तव्य तथा अधिकार कार्यान्वयन गर्न, | नियमावली तथा कार्यविधिमार्फत परिषद्को सञ्चालन, निर्णय प्रक्रिया र जिम्मेवारी स्पष्ट गर्ने। | संस्थागत संरचना प्रभावकारी हुने। |
| ३ | १२, १३, १४ | प्रस्ताव माग, मूल्याङ्कन, छनोट तथा सहायता वितरण व्यवस्थित गर्न, | कार्यविधि बनाई प्रस्तावको ढाँचा, मूल्याङ्कन आधार र सहायता प्रक्रिया निर्धारण गर्ने। | पारदर्शी र प्रभावकारी सहायता प्रणाली कायम हुने। |
| ४ | १६, २०, २१, २२ | परियोजना प्रमुख, कर्मचारी, विज्ञ तथा परामर्शदाता व्यवस्थापन गर्न, | नियमावली बनाई योग्यता, छनोट प्रक्रिया, सेवा सुविधा र जिम्मेवारी निर्धारण गर्ने। | सक्षम जनशक्ति व्यवस्थापन हुने। |
| ५ | २४, २५, २६, २७, २८ | कोष सञ्चालन, कर्जा, अनुदान तथा वित्तीय व्यवस्थापन व्यवस्थित गर्न, | कार्यविधि/मापदण्ड बनाई वित्तीय परिचालन, कर्जा प्रवाह र अनुगमन व्यवस्था गर्ने। | वित्तीय अनुशासन र पारदर्शिता कायम हुने। |
| ६ | २९, ३० | बजार व्यवस्थापन तथा न्यूनतम समर्थन मूल्य निर्धारण गर्न, | मापदण्ड बनाई मूल्य निर्धारण, खरिद तथा बजार व्यवस्थापन प्रक्रिया तय गर्ने। | उत्पादकको हित संरक्षण र बजार स्थिरता कायम हुने। |

| | | | | |
|---|---|---|---|---|
| ७ | ३३, ३४ | तालिम तथा पूर्वाधार निर्माण कार्यक्रम सञ्चालन गर्न, | नियमावली/कार्यविधिमार्फत तालिम सञ्चालन, पूर्वाधार निर्माण र व्यवस्थापन प्रक्रिया निर्धारण गर्ने। | सीप विकास तथा उत्पादन क्षमता वृद्धि हुने। |
| ८ | ३५, ३६, ३७ | रोजगार तथ्याङ्क, अनुगमन तथा मूल्याङ्कन व्यवस्थित गर्न, | निर्देशिका बनाई तथ्याङ्क संकलन, अनुगमन सूचक र मूल्याङ्कन प्रक्रिया निर्धारण गर्ने। | परिणाममुखी अनुगमन प्रणाली विकास हुने। |
| ९ | ३९, ४०, ४१, ४२, ४३ | लगानी तथा साझेदारी व्यवस्थापन गर्न, | कार्यविधि बनाई लगानी सहजीकरण, साझेदारी र समन्वय प्रक्रिया निर्धारण गर्ने। | लगानी आकर्षण र रोजगारी सिर्जना बढ्ने। |
| १० | ४६, ४७ | सूचना प्रविधि तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्न, | निर्देशिका/कार्यविधि बनाई डिजिटल प्रणाली, अभिलेख र गुनासो समाधान प्रक्रिया निर्धारण गर्ने। | सेवा प्रवाह छिटो, पारदर्शी र उत्तरदायी हुने। |
| ११ | ४९, ५०, ५१ | क्लष्टर विकास, जोखिम व्यवस्थापन तथा समन्वय इकाई सञ्चालन गर्न, | मापदण्ड तथा कार्यविधि बनाई क्षेत्र निर्धारण, जोखिम न्यूनीकरण र समन्वय प्रक्रिया तय गर्ने। | दिगो र योजनाबद्ध विकासमा सहयोग पुग्ने। |
| १२ | ५३, ५४, ५५, ५६, ५७, ५८, ५९, ६० | परिचयपत्र, प्रतिवेदन, अधिकार प्रत्यायोजन तथा कार्यान्वयन सम्बन्धी व्यवस्था गर्न, | नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई प्रशासनिक प्रक्रिया व्यवस्थित गर्ने। | ऐनको प्रभावकारी कार्यान्वयन सुनिश्चित हुने। |

## कर्णाली समृद्धिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको व्याख्यात्मक टिप्पणी

| दफा | दफा शीर्षक | व्याख्यात्मक टिप्पणी |
| --- | --- | --- |
| १ | संक्षिप्त नाम र प्रारम्भ | यस दफाले ऐनको नाम, प्रारम्भ हुने समय र कानूनी पहिचान स्पष्ट गरेको छ। |
| २ | परिभाषा | ऐनमा प्रयोग भएका प्रमुख शब्दहरूको अर्थ स्पष्ट गरी कार्यान्वयनमा एकरूपता कायम गरिएको छ। |
| ३ | कर्णाली समृद्धि परियोजना सम्बन्धी व्यवस्था | उत्पादन, उद्यमशीलता विकास र रोजगारी सिर्जनाका लागि परियोजना सञ्चालन गर्ने व्यवस्था गरिएको छ। |
| ४ | परियोजनाका सिद्धान्त | स्थानीय उत्पादन प्रवर्द्धन, आयात प्रतिस्थापन तथा दिगो आर्थिक विकासका आधार निर्धारण गरिएको छ। |
| ५ | परियोजनाको उद्देश्य | आर्थिक रूपान्तरण, लगानी वृद्धि, स्वरोजगार तथा रोजगारी सिर्जना गर्ने उद्देश्य राखिएको छ। |
| ६ | परियोजना सञ्चालक परिषद् | परियोजनाको सञ्चालन तथा व्यवस्थापनका लागि सञ्चालक परिषद् गठन गर्ने व्यवस्था गरिएको छ। |
| ७ | परिषद्को बैठक सम्बन्धी व्यवस्था | परिषद्को बैठक सञ्चालन, गणपूरक संख्या र निर्णय प्रक्रियालाई व्यवस्थित गरिएको छ। |
| ८ | परिषद्को काम, कर्तव्य र अधिकार | नीति निर्माण, योजना स्वीकृति, अनुगमन तथा व्यवस्थापनसम्बन्धी अधिकार तोकिएको छ। |
| ९ | परियोजना अन्तर्गतका कार्यक्रम | कृषि, वन, उद्योग, पर्यटन तथा सीप विकासका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। |
| १० | कार्यक्रमको प्राथमिकता | स्थानीय उत्पादन, स्थानीय संस्कृति तथा पर्यटन व्यवसायलाई प्राथमिकता दिने व्यवस्था गरिएको छ। |
| ११ | अर्गानिक उत्पादन तथा गुणस्तर | जैविक उत्पादनको संरक्षण, गुणस्तर मापदण्ड र बजार व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ। |
| १२ | प्रस्ताव माग गर्ने | परियोजनामा सहभागी हुन इच्छुक समूह तथा संस्थाबाट प्रस्ताव आह्वान गर्ने व्यवस्था गरिएको छ। |
| १३ | प्रस्ताव मूल्याङ्कन र स्वीकृति | प्राप्त प्रस्तावको मूल्याङ्कन, सिफारिस तथा स्वीकृतिको प्रक्रिया निर्धारण गरिएको छ। |
| १४ | प्रस्तावका आधारमा | लाभग्राहीलाई सामग्री, उपकरण तथा पूर्वाधार सहयोग उपलब्ध |

| | | |
|---|---|---|
| | सहायता | गराउने व्यवस्था गरिएको छ। |
| १५ | परियोजना कार्यालय | परियोजना सञ्चालन, समन्वय, अनुगमन तथा मूल्याङ्कनका लागि कार्यालय स्थापना गर्ने व्यवस्था गरिएको छ। |
| १६ | परियोजना प्रमुख | परियोजना प्रमुखको नियुक्ति, योग्यता, पदावधि तथा सेवा सुविधाको व्यवस्था गरिएको छ। |
| १७ | परियोजना प्रमुखको काम, कर्तव्य र अधिकार | परियोजना कार्यान्वयन, बजेट व्यवस्थापन र अनुगमनसम्बन्धी जिम्मेवारी तोकिएको छ। |
| १८ | कार्यकारी निर्देशकलाई हटाउन सक्ने | कार्यसम्पादन तथा अनुशासनका आधारमा पदबाट हटाउने व्यवस्था गरिएको छ। |
| १९ | पद रिक्त हुने अवस्था | परियोजना प्रमुखको पद रिक्त हुने कानुनी आधार स्पष्ट गरिएको छ। |
| २० | परियोजनाको जनशक्ति व्यवस्था | आवश्यक कर्मचारी तथा प्राविधिक जनशक्ति व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ। |
| २१ | विषय विज्ञ तथा परामर्शदाता सम्बन्धी व्यवस्था | परियोजनाको अध्ययन, अनुसन्धान, योजना निर्माण तथा मूल्याङ्कनका लागि आवश्यक विज्ञ तथा परामर्शदाता परिचालन गर्ने व्यवस्था गरिएको छ। |
| २२ | जनशक्ति छनोट समिति | परियोजनाका लागि आवश्यक जनशक्ति प्रतिस्पर्धात्मक र पारदर्शी प्रक्रियाबाट छनोट गर्न समिति गठन गर्ने व्यवस्था गरिएको छ। |
| २३ | नियुक्ति गर्न बाधा नपर्ने | परियोजनाको प्रभावकारी सञ्चालनका लागि आवश्यक जनशक्ति सेवा करारबाट नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ। |
| २४ | कोषको स्थापना र वित्तीय व्यवस्थापन | परियोजना सञ्चालनका लागि कोष स्थापना गरी वित्तीय स्रोत व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ। |
| २५ | परियोजनाको कोषमा रहने रकम र परिचालन | कोषमा रहने स्रोत, रकम जम्मा गर्ने तथा खर्च परिचालन गर्ने व्यवस्था स्पष्ट गरिएको छ। |
| २६ | कर्जा सम्बन्धी व्यवस्था | लाभग्राहीलाई उत्पादन, प्रशोधन तथा उद्यम सञ्चालनका लागि सहुलियत कर्जा, ब्याज अनुदान तथा सहायता उपलब्ध गराउने व्यवस्था गरिएको छ। |
| २७ | कर्जा प्रवाह तथा फिर्ता सम्बन्धी व्यवस्था | कर्जाको उपयोग, फिर्ता, अनुगमन तथा दुरुपयोग भएमा कारबाही गर्ने व्यवस्था गरिएको छ। |
| २८ | अनुदान तथा सहायता प्रभावकारिताको परीक्षण | अनुदान तथा सहायता कार्यक्रमको प्रभाव उत्पादन, रोजगारी, आय वृद्धि र प्रतिफलका आधारमा परीक्षण गर्ने व्यवस्था |

| | | |
|---|---|---|
| | | गरिएको छ। |
| २९ | बजार व्यवस्थापन तथा मूल्य शृङ्खला विकास | उत्पादित वस्तुको बजारीकरण, ब्राण्डिङ, प्याकेजिङ तथा मूल्य शृङ्खला विकास गर्ने व्यवस्था गरिएको छ। |
| ३० | न्यूनतम समर्थन मूल्य सम्बन्धी व्यवस्था | कृषि तथा वनजन्य उत्पादनको उचित मूल्य सुनिश्चित गर्न न्यूनतम समर्थन मूल्यको व्यवस्था गरिएको छ। |
| ३१ | परियोजनाको लेखापरीक्षण | परियोजनाको आयव्ययको लेखा प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षणको व्यवस्था गरिएको छ। |
| ३२ | बीमा सम्बन्धी व्यवस्था | परियोजना अन्तर्गतका कृषि, पशुपालन, उद्योग तथा व्यवसायको जोखिम न्यूनीकरणका लागि बीमा व्यवस्था गरिएको छ। |
| ३३ | पूर्व व्यावसायिक वा व्यावसायिक तालिम | उद्यम सञ्चालनका लागि आवश्यक सीप तथा क्षमता विकास तालिम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। |
| ३४ | कार्यक्रमका लागि पूर्वाधार निर्माण | उत्पादन, प्रशोधन तथा उद्योग विकासका लागि आवश्यक पूर्वाधार निर्माण र साझेदारीको व्यवस्था गरिएको छ। |
| ३५ | बेरोजगार श्रम शक्ति पहिचान | बेरोजगार व्यक्तिको सीप, क्षमता र रुचिका आधारमा तथ्याङ्क संकलन गर्ने व्यवस्था गरिएको छ। |
| ३६ | रोजगारदाता सूचीकरण | सरकारी, निजी तथा अन्य क्षेत्रका रोजगारी अवसरलाई रोजगार व्यवस्थापन प्रणालीमा आबद्ध गर्ने व्यवस्था गरिएको छ। |
| ३७ | अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था | परियोजनाका कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन र सुधार गर्ने व्यवस्था गरिएको छ। |
| ३८ | वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने | परियोजनाको प्रगति विवरण मुख्यमन्त्रीमार्फत प्रदेशसभामा पेश गर्ने व्यवस्था गरिएको छ। |
| ३९ | लगानी सम्मेलन आयोजना गर्न सक्ने | परियोजनाका लागि लगानी तथा प्राविधिक सहयोग जुटाउन लगानी सम्मेलन आयोजना गर्न सकिने व्यवस्था गरिएको छ। |
| ४० | लगानीकर्तासँग साझेदारी | स्वदेशी तथा विदेशी लगानीकर्ता, निजी क्षेत्र र संस्थासँग साझेदारी गरी परियोजना सञ्चालन गर्ने व्यवस्था गरिएको छ। |
| ४१ | लगानीका प्राथमिकताका क्षेत्रहरू | कृषि, उद्योग, पर्यटन, ऊर्जा, प्रविधि तथा पूर्वाधारलाई लगानीका प्राथमिक क्षेत्र तोकिएको छ। |
| ४२ | विदेशी लगानी तथा परियोजनासँगको आबद्धता | प्रचलित कानूनबमोजिम विदेशी लगानीलाई परियोजनासँग आबद्ध गर्ने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ४३ | लगानी परिचालन तथा रोजगारी सिर्जना | प्राप्त लगानीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गरी रोजगारी सिर्जना गर्ने व्यवस्था गरिएको छ। |
| ४४ | कसूर मानिने | परियोजनासम्बन्धी अनियमितता, झुट्टा विवरण तथा स्वार्थको द्वन्द्वलाई कसूर मान्ने व्यवस्था गरिएको छ। |
| ४५ | सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था | कसूरमा जरिवाना, क्षतिपूर्ति, कालोसूची तथा पुनरावेदनको व्यवस्था गरिएको छ। |
| ४६ | सूचना प्रविधिको प्रयोग | परियोजनाका आवेदन, अनुगमन, भुक्तानी र प्रतिवेदनलाई डिजिटल प्रणालीमा आधारित बनाउने व्यवस्था गरिएको छ। |
| ४७ | गुनासो व्यवस्थापन | परियोजनासम्बन्धी गुनासो दर्ता, छानबिन र समाधान गर्ने प्रणाली स्थापना गर्ने व्यवस्था गरिएको छ। |
| ४८ | अर्गानिक उत्पादन तथा गुणस्तर | जैविक उत्पादनको संरक्षण, गुणस्तर निर्धारण र स्थानीय उत्पादनको प्रयोगलाई प्राथमिकता दिने व्यवस्था गरिएको छ। |
| ४९ | कृषि तथा उद्योग क्लष्टर विकास | सम्भावना र बजारका आधारमा कृषि तथा उद्योग क्लष्टर विकास गर्ने व्यवस्था गरिएको छ। |
| ५० | जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था | वित्तीय, प्राविधिक, वातावरणीय तथा अन्य जोखिम पहिचान गरी व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ। |
| ५१ | समन्वय इकाई गठन | परियोजनाको प्रभावकारी कार्यान्वयन र समन्वयका लागि स्थानीय तथा जिल्ला स्तरमा इकाई गठन गर्ने व्यवस्था गरिएको छ। |
| ५२ | एकीकृत रूपमा कार्यक्रम सञ्चालन | विभिन्न मन्त्रालयबाट सञ्चालन हुने रोजगार तथा स्वरोजगार कार्यक्रमलाई परियोजनासँग आबद्ध गर्ने व्यवस्था गरिएको छ। |
| ५३ | परिचयपत्र सम्बन्धी व्यवस्था | परियोजनामा आबद्ध लाभग्राही तथा बेरोजगार व्यक्तिलाई परिचयपत्र उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ। |
| ५४ | उत्तर विधायिकी परीक्षण | ऐनको प्रभावकारिता अध्ययन गरी आवश्यक सुधारका लागि परीक्षण गर्ने व्यवस्था गरिएको छ। |
| ५५ | सम्झौता गर्न सक्ने | परियोजनाको उद्देश्य प्राप्तिका लागि विश्वविद्यालय तथा संघ संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरिएको छ। |
| ५६ | अधिकार प्रत्यायोजन | परिषद्ले आवश्यकतानुसार आफ्नो अधिकार अध्यक्ष वा कार्यकारी निर्देशकलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिएको छ। |

| | | |
|---|---|---|
| ५७ | कार्यविधि, निर्देशिका बनाउन सक्ने | परियोजना प्रमुखले परियोजना सञ्चालनका लागि आवश्यक कार्यविधि, निर्देशिका बनाई  परिषद् समक्ष पेश गर्न सक्ने व्यवस्था गरिएको छ। |
| ५८ | प्रदेश सरकारसँग सम्पर्क | परियोजनाले प्रदेश सरकारसँग मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत सम्पर्क राख्ने व्यवस्था गरिएको छ। |
| ५९ | बाधा अड्काउ फुकाउन सक्ने | परियोजना सञ्चालनमा देखिएका बाधा समाधान गर्ने अधिकारको व्यवस्था गरिएको छ। |
| ६० | नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने | ऐन कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सकिने व्यवस्था गरिएको छ। |

<u>विधेयक प्रस्तुतकर्ता</u>

हस्ताक्षर :

मा. राजकुमार शर्मा

प्रदेश सभा सदस्य

कर्णाली प्रदेशसभा

मिति :

## कर्णाली समृद्धि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

<u>प्रस्तावना:</u> कर्णाली प्रदेशमा कृषि, वन, पर्यटन तथा उद्योगमा आधारित वस्तु उत्पादन, सेवा प्रवर्द्धन, उद्यमशीलताको विकास, स्थानीय स्रोत, साधन तथा कच्चा पदार्थको अधिकतम उपयोग, जैविक खेतीको संरक्षण, प्रवर्द्धन तथा विस्तार गरी उद्यमशीलताको विकास र स्वरोजगार प्रवर्द्धनमार्फत उपलब्ध अवसरको प्रभावकारी उपयोग गर्दै व्यापक रोजगारीका अवसर सृजना गरी नेपालको संविधानले परिकल्पना गरेको समृद्धिको आकांक्षा पूरा गर्न र दिगो आर्थिक वृद्धि हासिल गर्ने अभिप्रायले कर्णालीको समृद्धिका लागि परियोजनाको सञ्चालन तथा व्यवस्थापन गरी आर्थिक रुपान्तरणका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

### परिच्छेद-१
### <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस ऐनको नाम "कर्णाली समृद्धि ऐन, २०८३" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;-

(क) "अर्गानिक उत्पादन" भन्नाले रासायनिक मल, रासायनिक विषादी, कृत्रिम वृद्धि प्रवर्द्धक तथा मानव स्वास्थ्य वा वातावरणमा प्रतिकूल असर पार्ने कृत्रिम पदार्थको प्रयोग नगरी प्राकृतिक तथा वातावरणमैत्री विधिबाट उत्पादन गरिएको कृषि, पशुपन्छी तथा वनजन्य उत्पादन सम्झनुपर्छ।

(ख) "उद्यमशीलता" भन्नाले उपलब्ध स्रोत, साधन, सीप तथा प्रविधिको उपयोग गरी उत्पादन, प्रशोधन, सेवा वा अन्य आयमूलक व्यवसाय सञ्चालन गर्ने तथा रोजगारी सिर्जना गर्ने कार्य वा क्षमता सम्झनुपर्छ।

(ग) "जनशक्ति" भन्नाले यस ऐनबमोजिम परियोजनाको सञ्चालन तथा व्यवस्थापनका लागि सेवा करारमा नियुक्त गरिएका कर्मचारी तथा विषयगत विज्ञलाई जनाउँछ।

(घ) "डिजिटल सूचना प्रणाली" भन्नाले परियोजनाको योजना, कार्यान्वयन, अनुगमन, वित्तीय व्यवस्थापन तथा प्रतिवेदन तथा परियोजनाका कुनै पनि कार्यलाई विद्युतीय माध्यमबाट सञ्चालन गर्ने प्रणालीलाई सम्झनुपर्छ।

(ङ) "तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेको नियम वा निर्देशिका वा कार्यविधि वा मापदण्डमा तोकिएबमोजिम सम्झनुपर्छ।

(च) "परियोजना" भन्नालेले दफा ३ बमोजिम सञ्चालित कर्णाली समृद्धि परियोजना सम्झनुपर्छ।

(छ) "परियोजना कार्यालय" भन्नाले दफा १५ बमोजिमको स्थापना भएको परियोजना कार्यालय सम्झनुपर्छ।

(ज) "प्रदेश सचिव" भन्नाले कर्णाली प्रदेश सरकारका प्रदेश सचिव सम्झनुपर्छ।

(झ) "प्रदेश" भन्नाले कर्णाली प्रदेश सम्झनुपर्छ।

(ञ) "प्रविधिको प्रयोग" भन्नाले परियोजनाको उद्देश्य प्राप्तिका लागि सूचना तथा सञ्चार प्रविधि, डिजिटल प्रणाली, कृत्रिम बुद्धिमत्ता, ड्रोन, सफ्टवेयर, रिमोट सेन्सिङ, भौगोलिक सूचना प्रणाली (जीआईएस), स्वचालन प्रणाली तथा अन्य आधुनिक एवं नवप्रवर्तनमा आधारित प्रयोग सम्झनुपर्छ।

(ट) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारका विषयगत मन्त्रालय सम्झनुपर्छ। र सो शब्दले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउँछ।

(ठ) "रोजगारी" भन्नाले श्रम, सीप, सेवा, उत्पादक व्यापार व्यवसाय, उद्यम जस्ता कार्यबाट आयमूलक कार्य गरेको अवस्थालाई सम्झनुपर्छ।

(ड) "लगानी" भन्नाले सार्वजनिक, निजी, वित्तीय संस्था, सामुदायिक वा विदेशी स्रोतबाट गरिने पुँजी, प्रविधि, ज्ञान, सीप, साधन स्रोत तथा अन्य आवश्यक स्रोतको परिचालन वा पुँजी लगानी सम्झनुपर्छ।

(ढ) "लाभग्राही" भन्नाले यस ऐनबमोजिम सञ्चालित परियोजनाबाट अनुदान, सहुलियत कर्जा, तालिम, प्राविधिक सहयोग वा अन्य सुविधा प्राप्त गर्ने व्यक्ति, समूह, सहकारी, उद्योग वा संस्थालाई सम्झनुपर्छ। र सो शब्दले युवा, महिला, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, विपन्न परिवार, लक्षित समुदाय तथा उद्यमशील एवं श्रम गर्न सक्ने मानव पूँजी समेतलाई जनाउँछ।

(ण) "समृद्धि" भन्नाले नागरिकको आय, रोजगारी, उत्पादन, उत्पादकत्व, शिक्षा, स्वास्थ्य, पूर्वाधार, वातावरणीय दिगोपन, सामाजिक न्याय, समावेशिता तथा जीवनस्तरमा दिगो र गुणात्मक सुधार भएको अवस्था सम्झनुपर्छ।

(त) "परिषद्" भन्नाले दफा ६ बमोजिमको परियोजना सञ्चालक परिषद् सम्झनुपर्छ।

(थ) "सरकार" भन्नाले कर्णाली प्रदेश सरकार सम्झनुपर्छ।

(द) "सार्वजनिक निजी साझेदारी (पीपीपी)" भन्नाले सार्वजनिक निकाय, निजी क्षेत्र, सहकारी संस्था तथा समुदायबीच कानूनबमोजिम भएको साझेदारीलाई सम्झनुपर्छ।

(ध) "स्वरोजगार" भन्नाले कुनै व्यक्तिले सीप, श्रम, ज्ञान वा पूँजी प्रयोग गरी नियमित आय आर्जन गर्ने उद्देश्यले सञ्चालन गरेको उत्पादनमूलक वा सेवामूलक उद्यम, पेशा वा व्यवसायलाई सम्झनुपर्छ।

(न) "स्वार्थको द्वन्द्व" भन्नाले परियोजना सञ्चालन तथा कार्यान्वयनको सन्दर्भमा निर्णय गर्ने अधिकार प्राप्त व्यक्ति वा परिषद्मा कार्यरत पदाधिकारीले स्वार्थ बाझिने गरी गरेको कार्य वा स्वार्थ बाझिने कार्य सम्झनुपर्छ।

## परिच्छेद-२

## परियोजनासम्बन्धी व्यवस्था

३. **कर्णाली समृद्धि परियोजनासम्बन्धी व्यवस्थाः** (१) उत्पादन, उद्यमशीलता र आर्थिक विकासको माध्यमबाट रोजगार तथा स्वरोजगार सिर्जना गर्नका लागि परिषद्ले कर्णाली समृद्धि परियोजना सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको परियोजना प्रत्येक पाँच वर्षमा परियोजनाको प्रभावकारिता मूल्याङ्कन गरी प्रदेश सरकारले निरन्तरता वा परिमार्जनसम्बन्धी निर्णय गर्नेछ।

(३) यस ऐनबमोजिम सञ्चालित परियोजना सार्वजनिक निजी साझेदारी (पीपीपी) को अवधारणाअनुसार तोकिएबमोजिम सञ्चालन गरिनेछ।

(४) परियोजनाको तोकिएबमोजिम छुट्टै लोगो र छाप हुनेछ।

४. **कर्णाली समृद्धि परियोजनाका सिद्धान्तः** परियोजना सञ्चालन गर्दा देहायका सिद्धान्त अवलम्बन गरिनेछः

(क) प्रदेशभित्र उत्पादित वस्तुको प्रदेशभित्र नै खपत बढाउने तथा अतिरिक्त उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने नीति अवलम्बन गर्ने,

(ख) परियोजनाको उद्देश्य आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमार्फत प्रदेशको अर्थतन्त्र सुदृढ बनाउने,

(ग) परियोजना अन्तर्गत उत्पादित कृषि, वनजन्य, पशुजन्य तथा स्थानीय उद्योगका वस्तुहरूको प्रदेशभित्र खपत बढाउने नीति अवलम्बन गर्ने,

(घ) प्रदेश सरकार, स्थानीय तह, विद्यालय, विश्वविद्यालय, अस्पताल, सरकारी कार्यालय तथा सार्वजनिक संस्थाहरूले सम्भव भएसम्म प्रदेशभित्र उत्पादित वस्तुको प्रयोगलाई प्राथमिकता दिने,

(ङ) स्थानीय उत्पादनको प्रयोग र उपभोगलाई प्रोत्साहन गर्न विशेष कार्यक्रम सञ्चालन गर्ने।

५. **कर्णाली समृद्धि परियोजनाको उद्देश्यः** कर्णाली समृद्धि परियोजना उद्देश्य देहायबमोजिम हुनेछन्;-

(क) कर्णाली प्रदेशको समग्र आर्थिक रूपान्तरण गर्ने,

(ख) उत्पादनमूलक क्षेत्रमा लगानी वृद्धि गर्ने,

(ग) कृषि, उद्योग र सेवाको एकीकृत विकास गर्ने,

(घ) वार्षिक रूपमा कम्तीमा दश हजार नयाँ स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गर्ने,

(ङ) स्थानीय स्रोत, सीप र श्रमको अधिकतम उपयोग गर्ने,

(च) प्रदेशलाई दिगो, समावेशी र आत्मनिर्भर अर्थतन्त्रतर्फ उन्मुख गराउने,

(छ) प्रदेशभित्र उत्पादित वस्तुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,

(ज) आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने,

(झ) सूचना प्रविधिमा आधारित परियोजना सञ्चालन र व्यवस्थापन प्रणाली विकास गर्ने,

(ञ) नयाँ सम्भावनाको पहिचान, खोजी, अनुसन्धान, अध्ययन तथा विकाससम्बन्धी कार्य गर्ने।

## परिच्छेद-३

## परियोजना सञ्चालक परिषद्सम्बन्धी व्यवस्था

६. **कर्णाली समृद्धि परियोजना सञ्चालक परिषद्:** (१) परियोजनाको सञ्चालन तथा व्यवस्थापनका लागि देहायबमोजिमको एक कर्णाली समृद्धि परियोजना सञ्चालक परिषद् रहनेछ;-

| | | |
|---|---|---|
| (क) | कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री | – अध्यक्ष |
| (ख) | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रमुख सचिव | – सदस्य |
| (ग) | प्रदेश योजना आयोगका उपाध्यक्ष | – सदस्य |
| (घ) | जिल्ला समन्वय समिति महासंघ प्रदेश अध्यक्ष | – सदस्य |
| (ङ) | नगरपालिका महासंघ प्रदेश अध्यक्ष | – सदस्य |
| (च) | गाउँपालिका महासंघ प्रदेश अध्यक्ष | – सदस्य |
| (छ) | प्रदेश उद्योग वाणिज्य संघ प्रदेश अध्यक्ष | – सदस्य |
| (ज) | परियोजना प्रमुख | – सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको परिषद्को बैठक अध्यक्षले आवश्यकता अनुसार बोलाउन सक्नेछ।

(३) कर्णाली समृद्धि परियोजना कार्यालयले परिषद्को सचिवालयको रुपमा कार्य गर्नेछ।

७. **परिषद्को बैठक र बैठकसम्बन्धी कार्यविधि :** (१) परिषद्को बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) अध्यक्ष र सदस्य-सचिव सहित कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा परिषद्को गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(३) परिषद्को बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ। तर त्यसरी आमन्त्रण गरिएको विज्ञलाई मतदान गर्ने अधिकार हुने छैन।

(४) परिषद्को बैठकको निर्णय सर्वसम्मत रूपमा हुनेछ। त्यसरी सर्वसम्मत हुन नसकेमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(५) बैठकसम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गर्नेछ।

(६) सदस्यहरूले बैठकमा भाग लिए बापत प्रदेश सरकारले निर्धारण गरे बमोजिमको बैठक भत्ता पाउनेछन।

८. **परिषद्को काम, कर्तव्य र अधिकार:** परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) परियोजनालाई सक्षम र प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यक नीति तर्जुमा गरी लागू गर्ने, गराउने,

(ख) परियोजनाको रणनीति तथा दीर्घकालीन योजना तर्जुमा गर्ने, गराउने,

(ग) परियोजना र अन्तर्गतका शाखा कार्यालयको वार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने, स्वीकृत कार्यक्रमहरूको प्रगति समीक्षा गर्ने,

(घ) परियोजना र त्यसअन्तर्गतका निकायहरूलाई मार्गदर्शन गर्ने,

(ङ) परियोजना सञ्चालन सम्बन्धमा आवश्यक स्रोत तथा साधनको व्यवस्थापन गर्ने,

(च) परियोजना कार्यान्वयनको अनुगमन, मूल्याङ्कन तथा समीक्षा र सुधार गर्ने,

(छ) परियोजना प्रमुखले पेश गरे बमोजिम परियोजनाका लागि जनशक्ति व्यवस्थापन र संगठन संरचना स्वीकृत गर्ने,

(ज) तोकिएबमोजिमका अन्य कार्यहरु गर्ने।

## परिच्छेद-४

## कार्यक्रम र प्रस्तावसम्बन्धी व्यवस्था

९. परियोजना अन्तर्गतका कार्यक्रमहरुः (१) यस परियोजना अन्तर्गत देहायका क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गरिनेछः

(क) **कृषिमा आधारित कार्यक्रमहरुः** जस्तैः पशुपन्क्षी पालन, रैथाने अन्नबाली, अन्नबाली, तरकारी, फलफूल, मसला, दलहन, तेलहन, मौरीपालन, माछा, मासु उत्पादन लगायतका कार्यक्रम।

(ख) **वनमा आधारित कार्यक्रमहरुः** जस्तैः वन पैदावारमा आधारित जडीबुटी उत्पादन र प्रशोधन, काठ तथा वेदबाँस फर्निचर, रेसा जन्य उत्पादन तथा प्रशोधन लगायतका कार्यक्रम।

(ग) **क्षमता अभिवृद्धि कार्यक्रमः** जस्तैः सिलाइ कटाई, सिलाइ बुनाई, वाइरिङ्ग, प्लम्विङ, सिकर्मी, डकर्मी, अटोमोवाईल, आइटी, नवप्रवर्तन, मोबाईल मर्मत, पर्यटन, कृषि, वन, उद्योग तथा व्यापार लगायतका कार्यक्रम।

(घ) **उद्योग तथा व्यवसाय र सेवासम्बन्धी कार्यक्रमहरुः** कृषि, वन तथा खनिज र पर्यटनमा आधारित घरेलु, साना तथा मझौला उद्योगहरु सञ्चालन र तिनबाट उत्पादित वस्तुको प्याकेजिङ, ब्राण्डिङ र बजारीकरण तथा बिक्री वितरण गर्ने व्यवसाय, स-साना होटल, रेष्टुरेण्ट र सेवा व्यवसाय, स्थानीय कृषि उत्पादन, स्थानीय परिकार, स्थानीय पोशाक, स्थानीय कला तथा संस्कृतिमा आधारित सामुदायिक तथा निजी होटल, होमस्टे, रेष्टुरेन्ट तथा पर्यटन व्यवसाय सञ्चालन गर्न सकिनेछ।

(ङ) **अन्य कार्यक्रमहरुः** दफा (१) को खण्ड (क) (ख) (ग) र (घ) मा उल्लेख नभएका तर परियोजना कार्यालयले सूचना प्रकाशन गरे बमोजिमका स्थानीय स्रोत र साधनमा आधारित अन्य उत्पादन, उद्योग र व्यवसाय।

(२) परियोजनाले स्थानीय स्रोत, सीप र कच्चा पदार्थमा आधारित कृषि, वन पैदावार, खाद्य प्रशोधन, हस्तकला, स्थानीय पोशाक तथा घरेलु उद्योगको विकासलाई प्राथमिकता दिनेछ।

(३) परियोजनाको प्रभावकारी कार्यान्वयनका लागि तोकिएबमोजिम भौगोलिक क्लस्टर निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नेछ।

१०. कार्यक्रमको प्राथमिकताः (१) परियोजनाले स्थानीय उत्पादन, स्थानीय खानाका परिकार, स्थानीय पोशाक, स्थानीय संस्कृति तथा स्थानीय श्रममा आधारित होटल तथा पर्यटन व्यवसायलाई प्राथमिकता दिनेछ।

(२) उपदफा (१) बमोजिम होटल तथा पर्यटन व्यवसायीहरूले सम्भव भएसम्म स्थानीय किसान तथा उत्पादकबाट उत्पादित सामग्री खरिद गर्नुपर्नेछ।

(३) स्थानीय खाद्य परिकार तथा सांस्कृतिक पहिचान प्रवर्द्धन गर्न प्रदेश सरकारले मापदण्ड निर्धारण गर्न सक्नेछ।

(४) स्थानीय उत्पादनको प्रयोग गर्ने होटल तथा पर्यटन व्यवसायलाई विशेष प्रोत्साहन तथा सहुलियत उपलब्ध गराउन सकिनेछ।

११. <u>अर्गानिक उत्पादन तथा गुणस्तरः</u> (१) परियोजनाले अर्गानिक कृषि प्रणालीको संरक्षण, विस्तार र प्रवर्द्धन गर्नेछ।

(२) अर्गानिक उत्पादनको पहिचान, गुणस्तर, लेबलिङ र बजार व्यवस्थापनसम्बन्धी मापदण्ड प्रदेश सरकारले निर्धारण गर्न सक्नेछ।

(३) परियोजनाले विद्यालय, अस्पताल, छात्रावास, कारागार तथा सरकारी आवासमा प्रयोग हुने खाद्यान्न, तरकारी, फलफूल तथा अन्य सामग्री प्रदेशभित्र उपलब्ध भएमा स्थानीय उत्पादनलाई प्राथमिकता दिन आवश्यक कार्य गर्नुपर्नेछ।

१२. <u>प्रस्ताव माग गर्नेः</u> (१) परियोजना कार्यालयले सम्बन्धित स्थानीय तह मार्फत् वा सिधै परियोजना कार्यालयले समृद्धि परियोजना कार्यक्रम सञ्चालन गर्न इच्छुक समूह, कम्पनी, उद्योग, सहकारी, तथा निजी फर्मलाई कम्तीमा तीस दिनको समय दिई प्रस्ताव आह्वान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रस्ताव आह्वानको सूचना राष्ट्रिय दैनिक पत्रिका र परियोजनाको वेबसाइटमा प्रकाशन गर्नुपर्नेछ।

(३) परियोजनाले अनलाइन माध्यमबाट समेत प्रस्ताव प्राप्त गर्ने व्यवस्था मिलाउनेछ।

(४) प्रस्ताव तोकिएबमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ।

१३. <u>प्रस्तावको मूल्याङ्कन, सिफारिस र स्वीकृतिः</u> (१) दफा १२ बमोजिम प्राप्त भएका प्रस्तावको मूल्याङ्कन र सिफारिस परियोजना प्रमुखले गर्नेछ।

(२) उपदफा (१) बमोजिम सिफारिस भएका प्रस्तावको स्वीकृति परिषद्ले निर्धारण गरेबमोजिम हुनेछ।

१४. <u>प्रस्तावका आधारमा सहायतासम्बन्धी व्यवस्थाः</u> (१) परियोजनामा प्रस्ताव पेश गरेबमोजिम मेसिन, उपकरण तथा सामूहिक कार्यस्थल वा पूर्वाधार निर्माण कार्यका लागि तोकिएबमोजिम वस्तुगत सहायता उपलब्ध गराउन सकिनेछ।

(२) सामग्री तथा पूर्वाधार निर्माण सहयोग कार्यक्रम सञ्चालन गर्दा लाभग्राहीको छनोटका आधार देहायबमोजिम हुनेछन्;-

(क) व्यवसाय सञ्चालनका लागि व्यावसायिक योजना प्रस्ताव, लागत साझेदारी प्रस्ताव, आयआर्जन तथा स्वरोजगार बृद्धि गर्न सहयोग पुग्ने व्यवसाय,

(ख) पेशा, व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक मेसिन, उपकरण वा पूर्वाधार निर्माणको व्यावसायिक प्रस्ताव,

(ग) सामूहिक रूपमा उत्पादन तथा आय आर्जनका क्रियाकलाप व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माणसम्बन्धी आयोजना,

(घ) सीप अभिवृद्धि तालिम प्राप्त गरी रोजगारीमा आबद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरीद तथा उद्योग स्थापनाका लागि पेश गरेको आयोजना,

(ङ) सामूहिक रूपमा आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी, साझेदारी उद्योग वा व्यवसाय सञ्चालनसम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव।

(३) कृषिमा आधारित अनुदान तथा सहायता कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमहरूको प्रभाव मूल्याङ्कन गरी उत्पादन, उत्पादकत्व, बजार सुनिश्चितता र रोजगारी सिर्जनालाई मुख्य आधार बनाइनेछ।

## परिच्छेद-५
## परियोजनाको कार्यालय र परियोजना प्रमुखसम्बन्धी व्यवस्था

१५. कर्णाली समृद्धि परियोजनाको कार्यालयः (१) परियोजनाको सञ्चालन, व्यवस्थापन, समन्वय, अनुगमन तथा मूल्याङ्कन गर्नका लागि एक कर्णाली समृद्धि परियोजना कार्यालय रहनेछ।

(२) कर्णाली समृद्धि परियोजनाको कार्यालय सुर्खेतको वीरेन्द्रनगर उपत्यकामा रहनेछ र आवश्यकता अनुसार परिषद्ले तोकेको अन्य स्थानमा शाखा तथा सम्पर्क कार्यालय खोल्न सक्नेछ।

१६. परियोजना प्रमुखसम्बन्धी व्यवस्था: (१) परियोजनाको प्रशासनिक प्रमुखको रूपमा कार्य गर्न परिषद्ले खुला प्रतिस्पर्धाबाट एक जना परियोजना प्रमुख छनोट गर्नेछ।

(२) परियोजना प्रमुखको कार्यसम्पादन मूल्याङ्कन वार्षिक रूपमा गरिनेछ।

(३) परियोजना प्रमुखको पदावधि चार वर्षको हुनेछ र निजलाई सोही पदमा पुनःनियुक्ति गर्न सकिनेछ।

(४) परियोजना प्रमुखको सेवा, सुविधा तथा अन्य आर्थिक सुविधा प्रदेश सचिव सरह हुनेछ।

(५) परियोजना प्रमुखको पद रिक्त भएमा वा परियोजना प्रमुख कुनै कारणवश आफ्नो कार्य सम्पादन गर्न असमर्थ भएमा ऐनको दफा १७ को उपदफा (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यहरूमध्येबाट परिषद्ले तोकेको अवधिका लागि एक जना कार्यवाहक परियोजना प्रमुख तोक्न सक्नेछ।

(६) परियोजना प्रमुखको योग्यता र छनौटसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

१७. परियोजना प्रमुखको काम, कर्तव्य र अधिकारः (१)परियोजना प्रमुखको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछन्;-

(क) परिषद्को बैठकमा पेश गरिने प्रस्ताव तयार गर्ने,

(ख) परिषद्बाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने गराउने,

(ग) परियोजनाको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

(घ) परिषद्को निर्णय प्रमाणित गर्ने र सो निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ङ) परियोजनाको लेखा उत्तरदायी अधिकृतको रूपमा रही परियोजना र मातहत कार्यालयको स्वीकृत बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्ने, गराउने,

(च) परियोजना र मातहत कार्यालयको आय-व्ययको अनुमान र पूरक अनुमान परिषद्समक्ष पेश गर्ने,

(छ) परियोजनाको आय-व्यय तथा कार्य प्रगतिको अर्ध वार्षिक र वार्षिक प्रतिवेदन परिषद्समक्ष पेश गर्ने,

(ज) परियोजना र मातहत कार्यालयको निरीक्षण र रेखदेख गर्ने, गराउने,

(झ) परियोजना र मातहत कार्यालयको सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन र लेखापरीक्षण गर्ने, गराउने तथा सोको प्रतिवेदन परिषद् समक्ष पेश गर्ने,

(ञ) परियोजनाको वार्षिक बजेट र कार्यक्रम तयार गरी स्वीकृतिका लागि परिषद् समक्ष पेश गर्ने,

(ट) परिषद्बाट कार्यान्वयनको लागि स्वीकृत परियोजनाको कार्यान्वयन र सुधार गर्ने गराउने,

(ठ) परियोजनाको सञ्चालन, व्यवस्थापन, अनुगमन तथा अभिलेखीकरणलाई आधुनिक, प्रविधिमैत्री र प्रभावकारी बनाउन आवश्यक सफ्टवेयर तथा सूचना प्रविधि प्रणाली प्रयोगमा ल्याउने,

(ड) परियोजनाको वार्षिक प्रतिवेदन तयार गरी परिषद् समक्ष पेश गर्ने,

(ढ) नयाँ सम्भावनाको पहिचान, खोजी, अनुसन्धान, अध्ययन तथा विकाससम्बन्धी कार्य गर्ने,

(ण) वार्षिक तथा अर्ध वार्षिक कार्ययोजना, कार्यतालिका र लक्ष्य निर्धारण गरी कार्यान्वयन गर्ने,

(त) प्राविधिक जनशक्ति विकासका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने,

(थ) परियोजना अन्तर्गत सञ्चालित कार्यक्रमहरुको सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण लगायतका जवाफदेहिता प्रवर्द्धनका कार्यहरु गर्ने,

(द) परियोजना प्रमुखको अन्य काम, कर्तव्य, अधिकार तोकिएबमोजिम हुनेछ।

(२) परियोजना प्रमुखले परियोजनाको कार्यान्वयका लागि विज्ञ सहितको कार्यकारी समिति तोकिएबमोजिम गठन गर्न सक्नेछ।

१८. <u>परियोजना प्रमुखलाई पदबाट हटाउन सक्ने</u>: (१) परियोजना प्रमुखलाई देहायको आधारमा प्रदेश सरकारले पदबाट हटाउन सक्नेछः-

(क) दफा १७ बमोजिमको काम, कर्तव्य र अधिकार इमान्दारीपूर्वक पालन र प्रयोग नगरेको,

(ख) आचारसंहिता विपरीत अनुशासनहीन काम गरेको,

(ग) परियोजनालाई हानि पुग्ने गरी अनाधिकृत रूपमा सूचना दिएको वा परियोजनाको गरिमामा आँच पुर्याउने कार्य गरेको।

(२) उपदफा (१) बमोजिम परियोजना प्रमुखलाई पदबाट हटाउनु अघि निज उपर परिषद्ले छानबिन गर्न सक्नेछ।

(३) परियोजना प्रमुखलाई पदबाट हटाउनु पर्ने भएमा निजलाई परिषद् समक्ष सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

१९. <u>परियोजना प्रमुखको पद रिक्त हुने अवस्थाः</u> देहायको अवस्थामा परियोजना प्रमुखको पद रिक्त भएको मानिनेछः-

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएमा,

(ख) दफा १२ बमोजिम निजलाई पदबाट हटाइएमा,

(ग) निजको पदावधि समाप्त भएमा,

(घ) निजको उमेर ६० वर्ष पूरा भएमा, वा

(ङ) निजको मृत्यु भएमा।

(च) कार्य सम्पादन मूल्याङ्कन सन्तोषजनक नभएमा।

## परिच्छेद-६
## <u>परियोजनाको जनशक्तिसम्बन्धी व्यवस्था</u>

२०. <u>परियोजनाको जनशक्तिसम्बन्धी व्यवस्थाः</u> (१) परियोजना प्रमुखले प्रदेश सरकारसँगको समन्वयमा आवश्यकतानुसार विषय विज्ञ, प्राविधिक जनशक्ति लगायत आवश्यक जनशक्ति सेवा करारमा नियुक्तिका लागि सिफारिस गर्न सक्नेछ।

(२) परियोजनाले विषयगत क्षेत्र अनुसार सम्बन्धित मन्त्रालयसँग सम्पर्क र समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

(३) परियोजनाले यस ऐनबमोजिमका कार्य सम्पादन गर्न आवश्यक जनशक्ति परिचालन गरी वा सम्बन्धित निकायसँग समन्वय गरी कार्य गराउन सक्नेछ।

(४) परियोजनामा रहने कर्मचारीहरूको पदपूर्ति, सेवा सुविधा, कार्यविधि तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(५) परियोजनाका लागि आवश्यक दरवन्दी परियोजना प्रमुखको सिफारिसमा कर्णाली प्रदेश सरकारले स्वीकृत गर्नेछ।

(६) कर्मचारीको नियुक्ति खुला प्रतिस्पर्धा, योग्यता, अनुभव र कार्यसम्पादनको आधारमा हुनेछ।

(७) सेवा करारका कर्मचारीको सेवा अवधि एक वर्षको हुनेछ र कार्य सम्पादनका आधारमा परियोजना प्रमुखले सेवा करार अवधि थप गर्न सक्नेछ।

२१. <u>विषय विज्ञ तथा परामर्शदातासम्बन्धी व्यवस्थाः</u> (१) परियोजनाको अध्ययन, अनुसन्धान, योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका

परामर्शदाता वा विषयविज्ञलाई सेवा करार वा अन्य उपयुक्त माध्यमबाट संलग्न गराउन सकिनेछ।

(२) विषय विज्ञको सेवा, सुविधा तथा कार्यक्षेत्र तोकिएबमोजिम हुनेछ।

२२. **जनशक्ति छनौट समिति:** (१) परियोजनाका आवश्यक जनशक्तिको छनोटका लागि देहायबमोजिम समिति रहनेछः

(क) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको प्रमुख सचिव – अध्यक्ष

(ख) प्रदेश लोक सेवा आयोगको अध्यक्ष वा निजले तोकेको आयोगको सदस्य – सदस्य

(ग) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको (प्रदेश सचिव -कानून) – सदस्य

(घ) परियोजना प्रमुखको सिफारिसमा अध्यक्षले मनोनयन गरेको सम्बन्धित विषय विज्ञ १ जना – सदस्य

(ङ) परियोजना प्रमुख – सदस्य–सचिव

(२) जनशक्ति छनौट प्रक्रिया पूर्ण रूपमा प्रतिस्पर्धात्मक, दक्षता, योग्यता प्रणालीमा आधारित हुनेछ।

(३) जनशक्ति छनौट सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

२३. **नियुक्ति गर्न बाधा नपर्ने**ः प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम परियोजनाको कार्य सञ्चालनका लागि आवश्यक पर्ने जनशक्ति सेवा करारमार्फत् नियुक्त गर्न बाधा पर्नेछैन।

## परिच्छेद-७

## परियोजनाको कोष, कर्जा र वित्तीय स्रोतको व्यवस्था

२४. **कोषको स्थापना र वित्तीय व्यवस्थापन**: (१) परियोजना स्थापना र सञ्चालनका लागि प्रदेश सरकारले कर्णाली समृद्धि परियोजना कोषको स्थापना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कोष र परियोजनाका लागि प्रदेश सरकारले वार्षिक बजेटबाट रकम विनियोजन गर्नेछ।

(३) उपदफा (१) बमोजिमको बजेटको लागि नेपाल सरकार, स्थानीय तह, विकास साझेदार तथा निजी क्षेत्रसँग समेत समन्वय तथा सहकार्य गर्नेछ।

(४) कोषमा रहेको रकम स्वीकृत आयोजना तथा कार्यक्रममार्फत मात्र खर्च गरिनेछ।

(५) कोषको सञ्चालन, लेखा, लेखापरीक्षण, पारदर्शिता तथा उत्तरदायित्वसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) कर्णाली समृद्धिका लागि वित्तीय पहुँच विस्तार गर्न आवश्यक वित्तीय संयन्त्र स्थापना गर्न सकिनेछ।

२५. <u>परियोजनाको कोषमा रहने रकम र त्यसको परिचालनः</u> (१) परियोजना सञ्चालन र व्यवस्थापनका लागि दफा २४ बमोजिम स्थापना गरिने कोषमा देहायबमोजिमको रकम रहनेछ;-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) स्थानीय तहबाट प्राप्त रकम,

(घ) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरूप प्रदान गरेको रकम,

(ङ) विकास साझेदारबाट प्राप्त सहयोग रकम

(च) कर्णाली समृद्धि परियोजनाले उपलब्ध गराउने सेवाबाट प्राप्त हुने रकम,

(छ) निजी क्षेत्र, बैङ्क तथा वित्तीय संस्थाबाट सामाजिक उत्तरदायित्व वापत प्राप्त रकम र

(ज) प्रचलित कानूनबमोजिम अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम रकम प्राप्त गर्नुअघि कर्णाली समृद्धि परियोजनाले प्रदेश सरकारको स्वीकृति लिनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको कोषमा जम्मा हुने रकम परियोजनाले नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त 'क' वर्गको वाणिज्य बैङ्कमा खाता खोली राख्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषबाट परियोजनाको सबै खर्च स्वीकृत विनियोजित बजेटको अधीनमा रही व्यहोरिनेछ।

(५) परियोजनाको कोषको सञ्चालन परियोजना प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी र लेखा सम्बन्धी काम गर्ने लेखा प्रमुख वा निजले तोकेको लेखा सम्बन्धी कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

२६. <u>कर्जासम्बन्धी व्यवस्थाः</u> (१) परियोजनाले लाभग्राहीलाई उत्पादन, प्रशोधन, भण्डारण, बजारीकरण वा उद्यम सञ्चालन वा कुनै कार्यक्रम सञ्चालन गर्नका लागि कर्जा, सहुलियत कर्जा, बिउ कर्जा, ब्याज अनुदान, अनुदान लगायतका रकम तोकिएबमोजिम उपलब्ध गराउन सक्नेछ।

<u>स्पष्टिकरण</u>ः यस उपदफामा "बीउ कर्जा" भन्नाले कृषक वा कृषि समूह, सहकारी संस्था, कृषि उद्यमी वा परियोजनाले तोकेको लाभग्राहीलाई कृषि उत्पादनका लागि आवश्यक पर्ने बीउ खरिद, उत्पादन वा व्यवस्थापन गर्न प्रदान गरिने नगद वा वस्तुगत (बीउकै रूपमा) कर्जालाई सम्झनुपर्छ।

(२) उपदफा (१) बमोजिम उपलब्ध गराइने कर्जाको परिचालन देहायबमोजिम हुनेछ।

(क) कर्जा रकम परियोजना कार्यालयमार्फत् उपलब्ध गराइनेछ।

(ख) कृषि, वन, पर्यटन तथा उद्योग क्षेत्रमा आधारित उद्यम सञ्चालन गर्न अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन सहुलियत कर्जा उपलब्ध गराउन सकिनेछ।

(ग) प्राथमिक उत्पादन तथा प्रशोधन उद्योग स्थापना गर्ने उद्यमीलाई ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ।

(घ) कर्जा परिचालनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(३) उत्पादन तथा प्रशोधन उद्योग सञ्चालन गर्ने सहकारी, कम्पनी वा समूहलाई तोकिएबमोजिम पूँजीगत अनुदान उपलब्ध गराउन सकिनेछ।

<u>स्पष्टिकरण:</u> यस दफाको प्रयोजनका लागि;-

(१) "कर्जा" भन्नाले यस ऐनबमोजिम परियोजनामा सहभागी उद्यमी, किसान, सहकारी, सामुदायिक संस्था वा अन्य लाभग्राहीलाई परियोजनाबाट प्रदान गरिने तोकिएका शर्तहरूको अधिनमा उपलब्ध गराइने ऋण सम्झनुपर्छ।

(२) "ब्याज अनुदान" भन्नाले यस ऐनबमोजिम परियोजनाअन्तर्गत प्रवाह भएको कर्जामा लाग्ने ब्याजको निश्चित अंश वा सम्पूर्ण रकम प्रदेश सरकार वा परियोजनाले तोकिएको मापदण्डबमोजिम लाभग्राहीका लागि व्यहोर्ने आर्थिक सहायता सम्झनुपर्छ।

(३) "अनुदान" भन्नाले यस ऐनबमोजिम उत्पादन, उद्यमशीलता विकास, पूर्वाधार निर्माण, उपकरण खरिद, सीप विकास, बजार प्रवर्द्धन वा परियोजनाले तोकेको अन्य प्रयोजनका लागि फिर्ता गर्न नपर्ने गरी उपलब्ध गराइने आर्थिक वा वस्तुगत सहायता सम्झनुपर्छ।

२७. <u>कर्जा प्रवाह तथा कर्जा फिर्ता सम्बन्धी व्यवस्था:</u> (१) दफा २६ बमोजिम उपलब्ध गराइएको कर्जा लाभग्राहीले परियोजनासँग भएको सम्झौतामा उल्लेख भएबमोजिमको अवधि, किस्ता तथा शर्तअनुसार फिर्ता गर्नुपर्नेछ।

(२) लाभग्राहीले प्राप्त गरेको कर्जा स्वीकृत उद्देश्यमा मात्र प्रयोग गर्नुपर्नेछ। परियोजनाले कर्जाको सदुपयोग, प्रगति तथा प्रतिफलको सम्बन्धमा आवश्यक अनुगमन, निरीक्षण, मूल्याङ्कन तथा परीक्षण गर्न सक्नेछ र परियोजनाले माग गरिएका विवरण, अभिलेख तथा कागजात लाभग्राहीले उपलब्ध गराउनु पर्नेछ।

(३) परियोजनाबाट प्रवाह गरिएको कर्जाको छुट्टै अभिलेख राखी प्रचलित कानूनबमोजिम आन्तरिक तथा बाह्य लेखापरीक्षण गराइनेछ।

(४) अनुगमन, निरीक्षण वा लेखापरीक्षणबाट कर्जा स्वीकृत उद्देश्य विपरीत प्रयोग भएको, झुट्टा विवरण पेश गरी कर्जा प्राप्त गरेको वा सम्झौताका शर्त उल्लङ्घन गरेको देखिएमा परियोजनाले त्यस्तो कर्जा असुल उपर गर्न, थप सुविधा रोक्न वा तोकिएबमोजिम अन्य आवश्यक कारबाही गर्न सक्नेछ।

२८. <u>अनुदान तथा सहायता प्रभावकारिताको परीक्षण:</u> कृषि, उद्योग, पर्यटन तथा अन्य क्षेत्रमा उपलब्ध गराइने अनुदान तथा सहायता कार्यक्रमको प्रभावकारिता परीक्षण अनिवार्य रूपमा गरिनेछ। त्यस्तो परीक्षण गर्दा देहायका सूचकलाई आधार मानिनेछः-

(क) उत्पादन वृद्धि,

(ख) रोजगारी सिर्जना,

(ग) आय वृद्धि,

(घ) बजार पहुँच,

(ङ) व्यवसायको दिगोपना,

(च) लगानी प्रतिफल।

२९. <u>बजार व्यवस्थापन तथा मूल्य शृङ्खला विकास:</u> (१) परियोजनाले उत्पादित वस्तुको बजारीकरण, ब्राण्डिङ, प्याकेजिङ तथा बिक्री वितरणका लागि आवश्यक सहजीकरण गर्नेछ।

(२) प्रदेशभित्र उत्पादित वस्तुको न्यूनतम बजार मूल्य निर्धारण गर्नेछ।

(३) परियोजनाले वस्तुको मूल्य अभिवृद्धिबाट प्राप्त हुने लाभको उचित हिस्सा उत्पादकलाई पुग्ने गरी व्यवस्था गर्नेछ।

(४) परियोजनाले उत्पादक, प्रशोधक, व्यवसायी तथा उपभोक्ताबीच समन्वय र सहकार्यको वातावरण निर्माण गर्नेछ।

३०. <u>न्यूनतम समर्थन मूल्यसम्बन्धी व्यवस्था:</u> (१) परियोजना अन्तर्गत उत्पादन गरिएका प्रमुख कृषि तथा वनजन्य उत्पादनको न्यूनतम समर्थन मूल्य तोक्दा प्रदेश सरकारले प्रचलित संघीय कानूनसँग नबाझिने गरी आवश्यक सिफारिस वा व्यवस्था गर्न सक्नेछ।

(२) न्यूनतम समर्थन मूल्य निर्धारण गर्दा उत्पादन लागत, ढुवानी खर्च, बजार मूल्य, किसानको उचित नाफा तथा उपभोक्ताको हितलाई आधार मानिनेछ।

(३) वस्तुको बजार मूल्य न्यूनतम समर्थन मूल्यभन्दा कम भएमा प्रदेश सरकारले तोकिएको गुणस्तर तथा परिमाणका आधारमा उत्पादन खरिद गर्न सक्नेछ।

(४) बजार मूल्य न्यूनतम समर्थन मूल्यभन्दा बढी भएमा उत्पादकले खुला बजारमा बिक्री गर्न सक्नेछ।

(५) सरकारी खरिद, भण्डारण, प्रशोधन तथा बिक्री वितरणसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(६) प्रदेश सरकारले समर्थन मूल्य तोकेका उत्पादनको हकमा मात्र खरिद, बजारीकरण तथा सम्बन्धित दायित्व वहन गर्नेछ।

३१. <u>परियोजनाको लेखापरीक्षण</u>ः (१) कर्णाली समृद्धि परियोजनाको आय व्ययको लेखा नेपाल सरकारद्वारा स्वीकृत लेखा प्रणाली र ढाँचाबमोजिम राख्नु पर्नेछ।

(२) कर्णाली समृद्धि परियोजनाको वार्षिक कारोबारको आन्तरिक लेखापरीक्षण परिषद्ले तोकेको लेखापरीक्षकबाट र अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट हुनेछ।

३२. <u>बीमासम्बन्धी व्यवस्था</u>ः (१) परियोजना अन्तर्गत सञ्चालित कृषि, पशुपालन, उद्योग, व्यवसाय तथा रोजगारी गतिविधिको जोखिम न्यूनीकरणका लागि बीमा कार्यक्रम सञ्चालन गर्नेछ।

(२) बीमा शुल्कमा प्रदेश सरकारले आंशिक अनुदान उपलब्ध गराउन सक्नेछ।

(३) प्राकृतिक र मानवीय विपद्, महामारी, आगलागी, दुर्घटना तथा अन्य जोखिमबाट हुने क्षतिको क्षतिपूर्तिसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(४) बीमासम्बन्धी काम कारबाही सरकारी बीमा कम्पनीसँग सहकार्य गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-८

## <u>तालिम कार्यक्रम र पूर्वाधार निर्माण</u>

३३. <u>पूर्व व्यवसायिक वा व्यावसायिक तालिम:</u> (१) प्रस्तावनामा माग भएबमोजिम व्यवसाय सञ्चालनका लागि आवश्यक पूर्व व्यावसायिक वा व्यावसायिक तालिम विषय विज्ञहरुको संरचना

वा रोष्टर खडा गरी वा सम्बन्धित विषय विज्ञको सेवा प्रदान गर्ने सरकारी वा निजी शैक्षिक संस्था वा तालिम केन्द्रमार्फत् सेवा सञ्चालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका विषयगत तालिमहरु स्थानीय स्तरमा व्यवहारिक रुपमा लागू गर्न सकिने र बजार सम्भावना भएका विषय र सीप सम्बन्धी हुनेछन्।

(३) उपदफा (२) बमोजिमका तालिमहरु बैङ्क तथा वित्तीय संस्था, लघु वित्तीय संस्था, सहकारी, गैर सरकारी संस्था, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थासँगको सहयोग, समन्वय र सहकार्य समेतमा सञ्चालन गर्न सकिन्छ।

(४) परियोजनामा संलग्न कर्मचारी, फोकल पर्सन, सहजकर्ता, उद्यमी तथा लाभग्राहीको क्षमता अभिवृद्धिका लागि नियमित तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

(५) तालिम सञ्चालन गर्दा कृषि, उद्योग, पर्यटन, वित्तीय साक्षरता, उद्यम व्यवस्थापन, बजार व्यवस्थापन, डिजिटल प्रणाली तथा नवीन प्रविधिलाई प्राथमिकता दिइनेछ।

(६) तालिम प्राप्त व्यक्तिहरूको अभिलेख डिजिटल प्रणालीमा राखिनेछ।

(७) तालिमको सञ्चालन तथा व्यवस्थापनको कार्य कार्यविधिमा तोकिएबमोजिम हुनेछ।

**३४. <u>कार्यक्रमका लागि पूर्वाधार निर्माण:</u>** (१) यस ऐनले तोकेका कार्यक्रमलाई सहयोग पुग्ने गरी देहायबमोजिमका पूर्वाधार निर्माण, स्थापना र सञ्चालन गर्न आवश्यक प्रक्रिया अपनाई कार्यान्वयन गरिनेछ;-

(क) उत्पादन पार्क, औद्योगिक पार्क

(ख) कम्पनी, समूह, सहकारीमा आधारित प्रशोधन उद्योग

(ग) मझौला तथा ठूला उद्योगको व्यवसायिक योजनामा आधारित पूर्वाधार (बिजुली, पानी, सडक, ढल) निर्माणमा सहयोग

(घ) परियोजनाअन्तर्गत स्थापना भएका उत्पादनमूलक उद्योग तथा प्रशोधन केन्द्रलाई विद्युत, खानेपानी तथा अन्य आधारभूत सेवामा तोकिएबमोजिम सहुलियत उपलब्ध गराउन सकिनेछ।

(ङ) विद्युत तथा पानीको सहुलियतसम्बन्धी व्यवस्था प्रदेश सरकारले सम्बन्धित निकायसँग समन्वय गरी निर्धारण गर्नेछ।

(२) परियोजनाले उपदफा (१) बमोजिमका निर्माण कार्य गर्दा सार्वजनिक निजी सहकारी सामुदायिक साझेदारी (पीपीसीपी) वा सार्वजनिक निजी साझेदारी (पीपीपी) को माध्यमबाट निर्माण, विकास, सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

## परिच्छेद-९

## <u>रोजगार तथ्याङ्क र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था</u>

**३५. <u>बेरोजगार श्रम शक्ति पहिचान:</u>** (१) बेरोजगार श्रम शक्तिमा भएको योग्यता, सीप, क्षमता र रुची तथा प्राथमिकताको क्षेत्र खुल्ने गरी वास्तविक समयमा आधारित बेरोजगार श्रम शक्तिको पहिचान गरिनेछ।

(२) उपदफा (१) बमोजिम श्रम शक्ति पहिचानसम्बन्धी कार्य सार्वजनिक सूचना आह्वान गरी तोकिएबमोजिम गरिनेछ।

३६. **रोजगारदाता सूचीकरणः** सरकारी क्षेत्रका अतिरिक्त गैर सरकारी, सामुदायिक संस्था तथा निजी क्षेत्रमा भएका रोजगारीका अवसरको जानकारी समेत रोजगार व्यवस्थापन सूचना प्रणालीमा आवद्ध वा उपयोग गर्न सकिनेछ।

३७. **अनुगमन, मूल्याङ्कनसम्बन्धी व्यवस्थाः** (१) परियोजनाबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तोकिएबमोजिम हुनेछ।

(२) परियोजनाको अनुगमन तथा मूल्याङ्कन सूचकमा आधारित हुनेछ। र यसका लागि परियोजनाले अनुगमन तथा मूल्याङ्कनका सूचकहरु तयार गरी लागू गर्नेछ।

(३) परियोजनाको कार्यसम्पादन सन्तोषजनक नदेखिएमा परिषद्ले आवश्यक निर्देशन दिने र कर्मचारी फेरबदल तथा अन्य आवश्यक कार्य समेत गर्न सक्नेछ।

(४) परियोजनाबाट प्राप्त सहायता, अनुदान तथा कर्जाको एक वर्षमा कम्तीमा दुई पटक स्थलगत अनुगमन गर्नुपर्नेछ।

(५) परियोजनाको स्वतन्त्र मूल्याङ्कन तेस्रो पक्षबाट प्रत्येक दुई वर्षमा गरिनेछ।

३८. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेः** परियोजनाको वार्षिक प्रतिवेदन परियोजना प्रमुखले मुख्यमन्त्री समक्ष पेश गर्नुपर्नेछ। यसरी पेश भएको प्रतिवेदन मुख्यमन्त्रीमार्फत कर्णाली प्रदेशसभामा पेश गरिनेछ।

(२) प्रतिवेदनबमोजिम कर्णाली प्रदेशसभाको सम्बन्धित विषयगत समितिले परियोजनाहरुको अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

## परिच्छेद– १०

## लगानी, साझेदारी तथा रोजगारी सिर्जना

३९. **लगानी सम्मेलन आयोजना गर्न सक्नेः** (१) परियोजनाका लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोत, लगानी तथा प्राविधिक सहयोग परिचालन गर्न प्रदेश सरकारले परियोजनासँगको समन्वयमा आवश्यकताअनुसार लगानी सम्मेलन, लगानी संवाद वा यस्तै प्रकृतिका कार्यक्रम आयोजना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना गरिने सम्मेलनमा स्वदेशी तथा विदेशी लगानीकर्ता, विकास साझेदार, निजी क्षेत्र तथा सम्बन्धित निकायलाई सहभागी गराउन सकिनेछ।

(३) प्रदेश सरकारले परियोजनासँग समन्वय गरी प्रत्येक दुई वर्षमा कम्तीमा एक पटक कर्णाली लगानी सम्मेलन आयोजना गर्नेछ।

(४) आवश्यकताअनुसार राष्ट्रिय वा अन्तर्राष्ट्रिय स्तरमा विशेष लगानी सम्मेलन, लगानी संवाद वा व्यवसायिक साझेदारी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।

४०. **लगानीकर्तासँग साझेदारी**ः (१) परियोजनाले स्वदेशी तथा विदेशी लगानीकर्ता, निजी क्षेत्र, सहकारी संस्था, सामुदायिक संस्था, विकास साझेदार, गैरआवासीय नेपाली तथा अन्य योग्य संस्थासँग साझेदारी गरी परियोजना सञ्चालन गर्न सक्नेछ।

(२) साझेदारी गर्दा प्रदेश सरकारको नीति तथा प्रचलित कानूनबमोजिम लगानी, प्रविधि हस्तान्तरण, व्यवस्थापन, सीप विकास तथा रोजगारी सिर्जनालाई प्राथमिकता दिइनेछ।

४१. <u>लगानीका लागि प्राथमिकताका क्षेत्रहरूः</u> परियोजनाअन्तर्गत देहायका क्षेत्रमा लगानी आकर्षित तथा परिचालन गर्न सकिनेछः

(क) व्यावसायिक तथा अर्गानिक कृषि,

(ख) पशुपालन, डेरी तथा मत्स्यपालन,

(ग) कृषि तथा वन पैदावारमा आधारित उद्योग,

(घ) कृषि तथा वनजन्य उत्पादनको प्रशोधन, भण्डारण, ब्राण्डिङ र बजारीकरण,

(ङ) जलस्रोत, सिँचाई तथा नवीकरणीय ऊर्जा,

(च) पर्यटन, धार्मिक, सांस्कृतिक तथा साहसिक पर्यटन, होमस्टे, होटल तथा रिसोर्ट,

(छ) सूचना प्रविधि, ड्रोन, डिजिटल प्रणाली तथा नवप्रवर्तनमा आधारित उद्योग,

(ज) औद्योगिक ग्राम, विशेष आर्थिक क्षेत्र तथा उत्पादनमूलक उद्योग,

(झ) शिक्षा, स्वास्थ्य तथा सीप विकास,

(ञ) भौतिक पूर्वाधार तथा परियोजनाले आवश्यक ठहर गरेका अन्य उत्पादनमूलक क्षेत्र।

४२. <u>विदेशी लगानी तथा परियोजनासँगको आबद्धताः</u> (१) प्रचलित संघीय कानूनसँग नबाझिने गरी विदेशी लगानीकर्ता वा विदेशी संस्थाले कर्णाली समृद्धि परियोजनासँग सम्झौता गरी कृषि, उद्योग, वन, पर्यटन, ऊर्जा, सूचना प्रविधि, पूर्वाधार विकास, सीप विकास तथा अन्य उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त विदेशी लगानी परियोजनाको स्वीकृत योजना, कार्यक्रम तथा आयोजनामार्फत मात्र परिचालन गरिनेछ।

(३) विदेशी लगानीकर्ताले परियोजनासँगको सम्झौताबमोजिम उद्योग, उद्यम वा आयोजना स्थापना, सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ।

(४) यस दफा बमोजिमको अन्य कार्य तोकिएबमोजिम हुनेछ।

४३. <u>लगानी परिचालन तथा रोजगारी सिर्जनाः</u> (१) परियोजनाले प्राप्त स्वदेशी तथा विदेशी लगानीलाई उत्पादनमूलक तथा रोजगारी सिर्जना हुने क्षेत्रमा परिचालन गर्नेछ।

(२) लगानी परिचालन गर्दा स्थानीय स्रोत, सीप, कच्चा पदार्थ तथा स्थानीय जनशक्तिको अधिकतम उपयोग गर्नुपर्नेछ।

(३) परियोजनाले विदेशी लगानीकर्तालाई आवश्यक जग्गा व्यवस्थापन गर्ने, समन्वय गर्ने, प्रशासनिक सहजीकरण, एकद्वार सेवा तथा आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) विदेशी लगानीकर्ताले परियोजनासँगको सम्झौताबमोजिम सीप हस्तान्तरण, प्रविधि हस्तान्तरण, उद्यम विकास तथा रोजगारी अभिवृद्धिमा योगदान पुऱ्याउनुपर्नेछ।

## परिच्छेद-११

## <u>कसूर र सजायको व्यवस्था</u>

४४. <u>कसूर मानिनेः</u> यस परियोजनाका सम्बन्धमा देहायको कार्य गरेमा कसूर मानिनेछः

(क) बदनीयतपूर्वक आयोजना छनोटका लागि सिफारिस गरेमा,

(ख) आयोजना छनोटमा तोकिएको समयभन्दा ढिलाई गरेमा,

(ग) आयोजना छनोटमा स्वार्थको द्वन्द्व देखिएमा,

(घ) प्रस्तावका लागि झुठा विवरण पेश गरेको देखिएमा,

४५. **सजाय र पुनरावेदनसम्बन्धी व्यवस्थाः** (१) दफा ४२ बमोजिमको कसूर गरेकोमा प्रचलित कानूनबमोजिम हुने सजायको हकमा सोहीबमोजिम र अन्यको हकमा कसूरको मात्रा हेरी १० हजार देखि ३० हजारसम्म जरिवाना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सजाय तथा दफा ४२ बमोजिमको कसूरको उजुरी तथा गुनासोका लागि मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा हेलो मुख्यमन्त्री कक्ष सञ्चालन गरिनेछ।

(३) दफा ४२ बमोजिमको कसूरमा बिगो असुल, क्षतिपूर्ति भराउने र कालो सूचीमा राख्ने लगायतको जरिवाना परिषद्ले गर्नेछ।

(४) जरिवाना सम्बन्धमा चित्त नबुझेमा सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सकिनेछ।

(५) परिषद्ले कसूर गर्ने व्यक्ति वा संस्थालाई बिगो असुल, क्षतिपूर्ति भराउने, कालो सूचीमा राख्ने तथा भविष्यमा परियोजनाबाट सुविधा प्राप्त गर्न रोक लगाउन सक्नेछ।

## परिच्छेद-१२
## सूचना प्रविधी र गुनासो व्यवस्थापन सम्बन्धी व्यवस्था

४६. **सूचना प्रविधिको प्रयोगः** (१) परियोजनाका कार्यलाई प्रभावकारी बनाउन सूचना प्रविधि तथा नवीन विधिको प्रयोग गरिनेछ।

(२) सम्पूर्ण आवेदन, मूल्याङ्कन, सम्झौता, भुक्तानी, अनुगमन तथा प्रतिवेदन अनलाइन प्रणालीमार्फत सञ्चालन गरिनेछ।

(३) परियोजनाका सम्पूर्ण गतिविधि डिजिटल सूचना प्रणालीमा आधारित हुनेछन्।

(४) परियोजना कार्यालयले प्रदेशस्तरीय डिजिटल ड्यासबोर्ड स्थापना गर्नेछ।

(५) परियोजना सञ्चालक परिषद् र कार्यकारी निर्देशकले डिजिटल प्रणालीमार्फत देहायका विवरण वास्तविक समयमा हेर्न सक्ने गरी प्रविधिको प्रयोगमा ल्याइनेछ।

(क) लाभग्राहीको विवरण,

(ख) अनुदान तथा कर्जाको विवरण,

(ग) उत्पादनको अवस्था,

(घ) उद्योग सञ्चालनको अवस्था,

(ङ) वित्तीय प्रगति,

(च) भौतिक प्रगति,

(छ) अनुगमन प्रतिवेदन।

(६) परियोजनामा संलग्न सबै निकायले डिजिटल प्रणालीमा नियमित रूपमा विवरण अद्यावधिक गर्नुपर्नेछ।

४७. **<u>गुनासो व्यवस्थापन</u>:** (१) परियोजनासँग सम्बन्धित गुनासा सुनुवाइ र व्यवस्थपनका लागि परियोजना कार्यालयमा गुनासो व्यवस्थापन प्रणाली रहनेछ।

(२) गुनासो लिखित वा विद्युतीय माध्यमबाट दर्ता गर्न सकिनेछ।

(३) प्राप्त गुनासो तोकिएको समयभित्र फछर्याेट गर्नुपर्नेछ।

(४) परियोजनाबाट प्रभावित कुनै व्यक्ति, लाभग्राही, लगानीकर्ता वा सरोकारवालाले परियोजनासँग सम्बन्धित कुनै कार्य, सेवा वा निर्णयका सम्बन्धमा तोकिएबमोजिमको ढाँचामा गुनासो दर्ता गर्न सक्नेछ।

(५) प्राप्त गुनासोको निष्पक्ष, पारदर्शी रूपमा छानबिन गरी आवश्यक निर्णय गर्नुपर्नेछ।

(६) गुनासोको सुनुवाइ, छानबिन तथा फछ्यौंटसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(७) झुट्टा गुनासोका कारण परियोजना वा कुनै व्यक्ति वा संस्थालाई भएको क्षति तोकिएबमोजिम सम्बन्धित व्यक्तिबाट असुलउपर गर्न सकिनेछ।

(८) गुनासो व्यवस्थापनसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-१३
## <u>विविध</u>

४८. **<u>अर्गानिक उत्पादन तथा गुणस्तर</u>:** (१) परियोजनाले अर्गानिक कृषि प्रणालीको संरक्षण, विस्तार र प्रवर्द्धन गर्नेछ।

(२) अर्गानिक उत्पादनको पहिचान, गुणस्तर, लेबलिङ र बजार व्यवस्थापन सम्बन्धी मापदण्ड प्रदेश सरकारले निर्धारण गर्न सक्नेछ।

(३) परियोजनाले विद्यालय, अस्पताल, कारागार तथा सरकारी आवासमा प्रयोग हुने खाद्यान्न, तरकारी, फलफूल तथा अन्य सामग्री प्रदेशभित्र उपलब्ध भएमा स्थानीय उत्पादनलाई प्राथमिकता दिन आवश्यक कार्य गर्नुपर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिमको आवश्यक कार्य प्रदेश सरकारले तोकिएबमोजिम गर्नेछ।

४९. **<u>कृषि तथा उद्योग क्लष्टर विकास</u>:** (१) परियोजनाले उत्पादनको सम्भाव्यता, भौगोलिक अवस्था तथा बजारको आधारमा कृषि, वन, उद्योग र भौगोलिक क्लष्टर क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) क्लष्टर क्षेत्रमा पूर्वाधार, सिँचाई, विद्युत, सडक, भण्डारण तथा प्रशोधन सुविधामा प्राथमिकता दिइनेछ।

५०. **<u>जोखिम व्यवस्थापनसम्बन्धी व्यवस्था</u>:** (१) परियोजनाको कार्यान्वयनमा हुन सक्ने वित्तीय, प्राविधिक, वातावरणीय, प्राकृतिक र गैर प्राकृतिक विपद् तथा बजारजन्य जोखिमको पहिचान गरी न्यूनीकरणका लागि जोखिम व्यवस्थापन योजना तयार गरी लागू गरिनेछ।

(२) परियोजना कार्यालयले प्रत्येक वर्ष जोखिम मूल्याङ्कन गरी परिषद्समक्ष प्रतिवेदन पेश गर्नेछ।

५१. **<u>समन्वय ईकाई गठनसम्बन्धी व्यवस्था</u>:** (१) परियोजनाको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा समन्वयका लागि निश्चित स्थानीय तह वा जिल्ला स्तरमा लक्षित गरी समन्वय ईकाई गठन गरिनेछ।

(२) ईकाईसम्बन्धी अन्य व्यवस्था परियोजना प्रमुखले तोकेबमोजिम हुनेछ।

५२. **<u>एकीकृत रुपमा कार्यक्रम सञ्चालन गरिने</u>:** विषयगत मन्त्रालयबाट सञ्चालन हुने रोजगार तथा स्वरोजगार सम्बन्धी विभिन्न कार्यक्रमहरुलाई यस परियोजनासँग अन्तरआवद्वता गरी सञ्चालन गरिनेछ।

५३. **<u>परिचयपत्रसम्बन्धी व्यवस्था</u>:** परियोजनामा आबद्ध, लाभग्राही वा बेरोजगार तथ्याङ्कमा सूचीकृत व्यक्तिलाई तोकिएबमोजिम परिचयपत्र वितरण गर्न सकिनेछ।

५४. **<u>उत्तर विधायिकी परीक्षण</u>:** यस ऐनको औचित्य जाँच तथा आवश्यक परिमार्जनका लागि चार वर्षमा एक पटक प्रदेशसभाको सम्बन्धित विषयगत समितले उत्तर विधायिकी परीक्षण गर्नेछ।

५५. **<u>सम्झौता गर्नसक्ने</u>:** परियोजना प्रमुखले कर्णाली समृद्धि परियोजनाको उद्देश्य प्राप्तिको लागि परिषद्को स्वीकृति लिई स्वदेश तथा विदेशस्थित विश्वविद्यालय वा संघ संस्थासँग सम्झौता (समझदारी पत्र) गर्न सक्नेछ।

५६. **<u>अधिकार प्रत्यायोजन</u>:** परिषद्ले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष वा परियोजना प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ।

५७. **<u>प्रदेश सरकारसँग सम्पर्क</u>:** परियोजनाले प्रदेश सरकारसँग सम्पर्क राख्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत राख्नु पर्नेछ।

५८. **<u>बाधा अड्काउ फुकाउन सक्ने</u>:** परियोजना सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै बाधा अड्काउ परेमा परियोजना प्रमुखले बाधा अड्काउ फुकाउ गर्नेछ।

५९. **<u>कार्यविधि, निर्देशिका र मापदण्ड बनाउन सक्ने</u>:** (१) परियोजना प्रमुखले परियोजना सञ्चालनका लागि आवश्यक कार्यविधि, निर्देशिका र मापदण्ड बनाई परिषद् समक्ष पेश गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पेश भएको कार्यविधि, निर्देशिका र मापदण्ड परिषद्ले स्वीकृत गरेको मिति देखि लागू हुनेछ।

६०. **<u>नियम बनाउन सक्ने</u>:** यस ऐनको कार्यान्वयनका लागि परिषद्ले आवश्यक नियम बनाई लागू गर्न सक्नेछ।